**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume 1, No. 1, 2011**

# शिक्षामा प्रजातन्त्रीकरण

**सत्यदेव प्रसाद यादव**
**राजनीतिशास्त्र शिक्षा विभाग**

**सार**

*आज विश्वले शिक्षाको प्रजातन्त्रीकरणमा जोड दिए तापनि यो नारामा मात्र सीमित भएको देखिन्छ। यसलाई व्यवहारमा साकार पार्न अवलम्बन गर्नु पर्ने कुराहरुको विश्लेषण गरी यसमा समावेश गर्न खोजिएको छ। यस लेखले शिक्षामा प्रजातान्त्रिकरणको अवधारणालाई अघि बढाउन नेपाललाई सहयोग पुग्नेछ। यसको व्यवहारिक पक्षमा सुधार ल्याउन मद्दत पुग्नुका साथै नीति निर्माता एंव शिक्षासंग सरोकार राख्ने ब्यक्तिहरुलाई थोरै भए पनि सहयोग गर्ने छ भन्ने उद्देश्य राखिएको छ।*

**मुख्य शब्दहरू**
प्रजातन्त्रीकरण, शिक्षा, न्यायोचित सिद्धान्त, सहभागिता, समान अवसर

## परिचय

मानव जीवनको लागि शिक्षा एक आधारभूत आवश्यकता हो। मानव सभ्यताको विकास पनि क्रमबद्ध रुपमा शिक्षा कै आधारमा हुन गएको मानिन्छ। समग्रमा शिक्षा मानव-विकास कै आधारशिला हो भन्न सकिन्छ। यस्तो महत्व भएको शिक्षामा सबै व्यक्तिको पहुच एवं सहभागिता हुनु पर्दछ। तर, शिक्षाको इतिहासलाई हेर्दा शिक्षामा जहिले पनि सम्भ्रान्त वर्ग (Elite Class) को पहुचमा रहेको पाइन्छ। सर्व साधारण मानिसले शिक्षाको अवसर बन्चित रहे (वाग्ले,२०५३)। यसै क्रममा सन् १९६०-१९७० को दशकमा विश्वका चिन्तकहरुले यसमा ध्यान दिई शिक्षाको क्षेत्रमा क्रान्तिकारी कदमको शुरुआत गरे। फलस्वरुप यूनेस्को (UNESCO) ले "Learning to be", "Learniong to do", "Learniong to Know", "Learning to live together", Evan Elitch ले "Deschooling of Society", Rammer ले "The School is Dead", Paulo Freire ले "Pedagogy of the Oppresed" जस्ता पुस्तकमार्फत् शिक्षासम्बन्धी आफ्ना विचारहरु बाहिर ल्याए। यसले शिक्षामा सर्वसाधाणको पहुँचमा सहयोग पुचायो। यिनीहरुले शिक्षामा नयाँ चिन्तनको विजारोपण गरे। यसले नयाँ चेतनाको प्रारम्भ भई प्रचलित शिक्षा प्रणालीमा नयाँ विकल्पको खोजी गर्न प्रेरणा प्राप्त भयो। खासगरी आजको युगमा शिक्षा जन्मसिद्ध अधिकार हो, शिक्षा सबैले पाउनु पर्छ, शिक्षामा समान अवसर र समान न्यायको अवधारणा आइरहेको छ। जुन शिक्षाप्रतिको आधुनिक चिन्तनको उपज हो। यी सबै कुराहरुले शिक्षामा सबै व्यक्तिको सहभागितालाई प्रस्ट्याउँछ।

## अवधारणा

सामान्य रुपमा हेर्ने हो भने शिक्षामा सबैको सहभागिता वा पहुच हुनु शिक्षामा प्रजातन्त्रीकरण हो। अर्को शब्दमा भन्ने हो भने शिक्षा सर्वसाधारणलाई सजिलोसँग उपलब्ध गराउनु वा शिक्षा पाउनु एउटा मानवीय अधिकार हो भन्ने कुरालाई अंगाल्नु हो। शिक्षामा प्रजातन्त्रीकरण हुनका लागि बढीभन्दा

बढी सर्वसाधारणको  शिक्षा जनसहभागिता हुन पर्दछ। अमेरिका र ब्रिटेनको शिक्षा पद्धतिलाई बढी प्रजातान्त्रिक मानिन्छ। किनकि सबै  जनतामा शिक्षाको अवसरको विस्तार "Extention of educational opportunity of mass" (Crow and Crow, 1962)  छ। तर वास्तवमा हेर्ने हो भने शिक्षाको समान अवसर सबैलाई दिएर पनि शिक्षामा प्रजातन्त्रीकरण हुदैन्। किनकि यसले समान अवसरले सामान प्रतिफल नदिन पनि सक्दछ। यसका लागि विद्यालयमा भर्ना भएर तह पूरा गर्न सक्ने वातावरण एवं क्षमताको विकास गर्न सक्नुपर्छ अर्थात न्यायोचित सिद्धान्त (Equity Principle) को आधारमा शिक्षा प्राप्त गर्ने अवसर दिनुपर्छ। न्यायोचित सिद्धान्तको अर्थ जसलाई जस्तो किसिमको सुविधा दिनु पर्ने हो त्यो दिनु हो (विष्ट, २०४३)। यति मात्र होइन, शिक्षामा प्रजातान्त्रिकरणका लागि यूनेस्को (UNESCO) को नारा लाई अपनाउनु पर्दछ। यस अन्तर्गत निम्न तीन कुराहरु पर्दछन्  :-

(i) Universal Enrollment :- सबै बालबालिकाहरुले पढन पाउने अवसर पाउनुलाई Universal Enrollment भनिन्छ जबसम्म प्राथमिक विद्यालय जाने ६-१0 वर्ष उमेरका सबै बालबालिकाले विद्यालय भर्ना हुन पाउँदैनन् तबसम्म Universalization को लक्ष्य प्राप्त गर्न सकिँदैन।

(ii) Universal Retention :- प्राथमिक तहको पढाइ पूरा नगरुन्जेल निरन्तर रुपमा पढाइ कायमै राखेको पनि हुनु पर्दछ। बीचमै कक्षा छोड्ने प्रवृतिलाई रोकथाम गर्नु पर्दछ।

(iii) Universal Achievement :- विद्यालय जाँदैमा सिकिन्छ वा उपलब्धि हासिल हुन्छ भनेर भन्न सकिँदैन। तसर्थ भर्ना भएका सबैमा आवश्यक ज्ञान, सीप र धारणाको विकास हुनु पनि त्यतिकै जरुरी छ। भर्ना भएका बाल-बालिकामा सबैमा आवश्यक उपलब्धि हासिल गर्ने क्षमताको विकास भएको हुनु पर्दछ, अनि मात्र शिक्षाको लक्ष्य हासिल भएको मानिन्छ।

यसरी शिक्षामा प्रजातन्त्रीकरणका लागि माथि भनिएका तीन कुराहरु पूरा हुनु पर्दछ। साथै यसका लागि अवसरको प्रजातन्त्रीकरण हुनु पर्दछ, अवसरको प्रजातन्त्रीकरणका लागि पर्खाल विहीन स्कूलको धारणा साकार हुनुपर्छ। अतः यसका लागि स्कूलले बाल-बालिकाको सिकाई र शिक्षामा हुने सहभागितामा उनीहरुको सामाजिक, आर्थिक तथा भौतिक अवस्थाका आधारमा कुनै पनि किसिमको अवरोध वा विभेद गर्नु हुँदैन। यस सन्दर्भमा कतिपय देशका शिक्षा नीतिमा "साझा विद्यालय" प्रणालीलाई बलियो रुपमा अगाडि सारेको पाइन्छ, जुन नेपालको सन्दर्भमा पनि समसामयिक हुने देखिन्छ। यसको अर्थ, विद्यालयले हाम्रो विविधतालाई समेटै कक्षाकोठा भित्र पनि बालमैत्री सिकाइलाई प्रोत्साहित गर्नु पर्दछ। अर्को, विद्यालयले सिकाइलाई कक्षाकोठाभित्र सीमित नराखी विद्यालय भन्दा बाहिर समुदायसम्म परिचालन गर्न सक्नु पर्दछ। यसका लागि सर्वप्रथम वैकल्पिक विद्यालय जस्ता अवधारणालाई अगाडि ल्याउनु पर्छ। नेपालमा शिक्षाको प्रजातन्त्रीकरणको अवरोधको रुपमा विद्यालय नै पर्खालको रुपमा उभिने कुरा कैयौ अभ्यासहरुले छर्लङ्ग पार्छन। दोश्रो व्यवहारको प्रजातन्त्रीकरण हुनु पर्दछ अर्थात आवश्यकता एवं रुचि अनुरुप शिक्षा पाउने व्यवस्था हुनुपर्दछ। तेश्रो निर्णयमा प्रजातन्त्रीकरण हुनु पर्दछ। यसको अर्थ निर्णय एवं मूल्यांकन गर्ने काममा विद्यार्थीहरुको सहभागिता हुनु पर्दछ।

**शिक्षामा प्रजातन्त्रीकरणका लागि बढवा दिने तत्त्वहरू :-**

(i) शिक्षाका सुविधाहरुको वृद्धिमा जोड दिई शैक्षिक अवसरको दायरा फराकिलो पार्नु पर्दछ।

(ii) प्रचलित शिक्षा प्रणालीलाई जस्ताको त्यस्तै राखी त्यसमा सकारात्मक विभेद

(Positive Discrimination) गर्न न्यायोचित सिद्धान्त (Equity Principle) एवं अन्य तरिका अपनाउनु पर्दछ।

(iii) शैक्षिक प्रणालीको निर्णयमा सर्वसाधारण जनतालाई संलग्न गराउनु पर्दछ।

(iv) शिक्षामा विभिन्न किसिमका पाठ्यांशहरु प्रदान गर्नु पर्दछ।

(v) पिछडिएका र गाउँका केटाकेटीहरुलाई विद्यालयमा प्रवेश गर्ने अवसर प्राप्त गराउनु पर्दछ। यसका लागि मातृभाषामा शिक्षा दिनु पर्दछ। प्राथमिक तहमा स्थानीय भाषा र बहुभाषिक शिक्षण विधिको प्रयोगलाई प्रभावकारी मानिन्छ। सानो उमेरका बाल-बालिकाहरु अन्य भाषा भन्दा आफ्नो मातृभाषामा पढाएको कुरा चाडै र सजिलोसंग बुझ्दछन् भन्ने बिभिन्न अनुसन्धानबाट पुष्टि भएको छ।

**शैक्षिक सुविधा वृद्धि गर्न चाल्नपर्ने कदमहरू :-**

- विद्यालय संख्यामा वृद्धि गर्नु पर्दछ।
- वर्तमानमा रहेका विद्यालयहरुमा कक्षाकोठा थप गर्नु पर्दछ।
- शैक्षिक सुविधामा सुधार र वृद्धि गर्नु पर्दछ।
- शिक्षकहरुको व्यावसायिक दक्षता वृद्धिका लागि तालिमको व्यवस्था गर्नु पर्दछ।
- देशको प्रत्येक भागमा शिक्षाको गुणात्मक तथा परिमाणात्मक दुवै पक्षमा समानता ल्याउन आवश्यक व्यवस्था गर्नुपर्दछ।
- उच्च शिक्षामा प्रवेशका लागि दुर्गम क्षेत्रका विद्यार्थीहरुलाई ध्यानमा राखी सरल नियम बनाउनु पर्दछ।
- विशेष जाति, ठाउँ र लिङ्गका लागि कोटा प्रणाली अपनाउनु पर्दछ।
- विद्यार्थीलाई विद्यालय छोड्नबाट (Dropout) बचाउन निम्न उपाय अपनाउनु पर्छ :-

क) गरीब तथा जेहेन्दार छात्रवृत्तिको विशेष व्यवस्था गर्नु पर्दछ।

ख) निःशुल्क वृत्ति आर्थिक सहयोगका रुपमा दिने व्यवस्था गर्नु पर्दछ।

ग) गरिबीको कारणले गर्दा पढाइ छाडने परिवारका बाल-बालिकालाई विशेष आर्थिक सहयोगको व्यवस्था गर्नु पर्दछ।

घ) विद्यालय पोशाकको व्यवस्था गर्नु पर्दछ।

ङ) छात्राहरुलाई अलग छात्रवृत्तिको व्यवस्था गर्नु पर्दछ।

च निःशुल्क पाठ्यपुस्तक समयमा वितरण गर्नु पर्दछ।

छ) शिक्षाप्रति जागरुकता बृद्धि गर्न चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्दछ।

**निष्कर्ष :-**

शिक्षामा प्रजातन्त्रीकरणका लागि सैद्धान्तिक कुरा गरेर मात्र हुँदैन बरु व्यवहारमा ल्याउनु पर्दछ। शिक्षाका सरोकारवाला व्यक्तिहरुमा जनचेतनाको अभिवृद्धि गर्न सक्नु पर्दछ। विश्वले “शिक्षामा समान अवसर,” “निःशुल्क शिक्षा व्यवस्था,” “शिक्षामा विश्वव्यापीकरण,” र “अनिवार्य शिक्षा,” जस्ता थुप्रै नाराहरु अघि सारेको छ। नेपालले पनि सम्पूर्ण बालबालिकाहरुलाई शिक्षा दिने घोषणा गरेको छ, तथापि शिक्षामा सम्पूर्ण क्षेत्र, जात, वर्ग र स्तरका व्यक्तिहरुलाई सही रुपमा संलग्न गराउन सकेको छैन। किनकि अविकसित मुलुकका व्यक्तिहरुको आर्थिक स्तर न्यून छ, जसले शिक्षामा पर्याप्त लगानी गर्न सकेका छैनन्। मुलुकले शिक्षा तर्फ कम ध्यान दिएको छ, समाजको संस्कार परम्परागत छ, अन्धविश्वास छ, जातीय भेद भाव छ र सबैका लागि एउटै किसिमको शैक्षिक नीति नियमको व्यवस्था एवं पाठ्यक्रमको व्यवस्था छ, विभिन्न भाषा, क्षेत्र, तहलाई समेट्ने किसिमको फरक-फरक व्यवस्था छैन। जसले गर्दा शिक्षामा जुन किसिमले व्यक्तिहरुको सहभागिता हुनुपर्ने हो त्यो अझ हुन सकेको छैन् (Coombs, 1968)। तथापि यो आशा गर्न सकिन्छ कि भविष्यमा शिक्षाको प्रजातन्त्रीकरणको नारा साकार हुने छ। नेपालमा निर्माण हुन गइरहेको भावी लोकतान्त्रिक संविधानले यसको विशेष पहल गर्ने छ भन्ने आशा गर्न सकिन्छ।

**सन्दर्भ साम्रगी :**


विष्ट, मीन बहादुर (२०४३), शिक्षाको सिद्धान्त, ललितपुरः साझा प्रकाशन।

वाग्ले, मन प्रसाद (२०५३), शिक्षाको आधार, काठमाण्डूः विद्यार्थी पुस्तक भण्डार।

Coombs, P.H. (1968) *The world education crisis, System analysis*. Allahabad, A.H. Wheeler and Co(P) Ltd.

Crow and Crow (1962) *Introduction to education*. New Delhi, Eurasia Publishing House.



**लेखकका बारे**

सत्यदेव प्रसाद यादव यस क्याम्पसको राजनीति शास्त्र शिक्षा विभाग अन्तरगत सह प्रध्यापक पद कार्यरत हुनुहुन्छ। विगत ३६ वर्षदेखि राजनीति शास्त्र शिक्षा विषय अध्यापनरत उहाँको नेपालमा सामाजिक शिक्षाको विकास बारेमा लेख प्रकाशित भएको छ।